स्थानीय सरकार
तारकेश्वर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प. सं. : ०८२/०८३
च. नं.

मिति : २०८२/०४/०१
११४५ दिल्लागा, ससमी

# सूचना ! सूचना !! सूचना !!!

बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बाबु दुवै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य, र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण प्रदान गर्नका लागि प्रदेश सरकारबाट विनियोजित शसर्त बजेटबाट कानून बमोजिम मासिक संरक्षण भत्ता खाइ पाई रहेका अठार वर्ष उमेर पुरा नगरेको तथा कुनै गैरकानूनी वा अपराधिक कार्यमा संलग्न नभएको व्यक्तिहरुले तपशिलमा उल्लेखित कागजातहरु सहित २०८२ भाद्र मसान्त भित्र नविकरणको लागि सम्बन्धित वडा कार्यालय मार्फत यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि /नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२) बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु आमा दुवै बेपत्ता भएको वा दुवैको संरक्षकत्व र रेखदेखबाट बन्चितिमा परेको प्रमाणित कागजात,

३) विद्यालय भर्ना भइ नियमित विद्यालय जाने गरेको भनि सम्बन्धित विद्यालयले दिएको शिफारिस पत्र तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी (५ वर्ष उमेर पुरा गरेका बालबालिकाको हकमा मात्र),

४) संरक्षको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

५) सम्बन्धित बालबालिकाको संरक्षक हो भनि वडाले दिएको सिफारिस पत्र

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत

Website : www.tarakeshwormunnuwakot.gov.np Email : ittarakeshwormun@gmail.com Phone: 9851334207
वेबसाइट : www.tarakeshwormunnuwakot.gov.np इमेल: ittarakeshwormun@gmail.com फोन नं. : ९८५१३३४२०७